# नेपाली सन्देश

The Nepali Sandesh Weekly साप्ताहिक

वर्ष ७ ■ अंक १४ ■ २०६७ साल पौष २० गते मंगलवार ■ Tuesday, 04 January 2011 ■ 50 P


## भीसी गुरूङको परिवारलाई २५०० पौण्ड सहयोग



लण्डन/गत डिसेम्वर १२ तारिखका दिन निधन भएका भीसी लक्षिमन गुरूङको परिवारलाई 'गोर्खा नेपलिज कम्युनिटी लण्डन बरो अफ हन्स्लो'को तर्फबाट पौण्ड २५०० सहयोग रकम उपलव्ध गराइएको छ। गोर्खा नेपलिज कम्युनिटी लण्डन बरो अफ हन्स्लोको अध्यक्ष विष्णु गुरूडका अनुसार स्वर्गीय भीसीको धर्मपत्नी श्रीमती मनमाया गुरूङलाई उक्त रकमको चेक वहाँहरूको निवास स्थानमा नै हस्तान्तरण गरिएको थियो।

भीसीको परिवारको सहयोगको लागि रकम संकलन कार्य भइरहेको पनि अध्यक्ष गुरूङले बताउनुभएको छ। हाललाई समितिकै कोषबाट उक्त रकम भुक्तानी दिइएको र सहयोग संकलन रकम... बाँकी नवौं पानामा

## भीसी गुरूङको ....

हाल प्रदान गरेको भन्दा बढी हुनासाथ पुन सहयोग रकम भुक्तानी दिइने पनि वहाँले बताउनुभयो। भीसी गुरूडको गत १२ डिसेम्वरमा निधन भएकोमा २२ डिसेम्वरका दिन वहाँको पार्थिव शरीरलाई चिसविक सिमेट्रीमा समाधिस्थ गरिएको थियो। वहाँलाई अन्तिम बिदाई गर्न नेपालबाट छोराहरू रेशमलाल गुरूङ र कृष्णबहादुर गुरूङ आउनुभएको थियो। बेलायतमा स्वर्गीय भीसीसँगै रहनुभएका नाति चित्र गुरूङ, नातिनी अमृता गुरूङ र धर्मपत्नी मनमाया गुरूङ तथा नेपालबाट आउनुभएका छोराहरूको साथमा समाधिस्थलमा गोर्खा नेपाली कम्युनिटी लण्डन बरो अफ हन्स्लोका पदाधिकारी तथा सदस्यहरूको पनि उपस्थिति रहेको थियो। भीसी गुरूङको पार्थिव शरीरलाई समाधिस्थ गर्नुअघि आयोजना गरिएको श्रद्धाञ्जली सभामा लण्डन बरो अफ हन्स्लोका मेयर कोलिन इलर, नेपाली राजदूत डा. सुरेशचन्द्र चालिसे, ब्रिगेड अफ गोर्खाजका कोलेनल डी जे हेज, भीसी तुलबहादुर पुन लगायतका विशिष्ठ व्यक्तिहरूको उपस्थिति रहेको थियो। त्यस्तैगरी वहाँको अन्तिम बिदाईमा लामाहरू लामा पेम्वर (दिल गुरूङ) र लामा प्रेमबहादुर गुरूङको पनि उपस्थिति रहेको थियो। भीसी गुरूङको अन्तिम संस्कार सम्पन्न गर्नका लागि लण्डन बरो अफ हन्स्लो काउन्सिल, ब्रिगेड अफ गोर्खा, गोर्खा नेपलिज कम्युनिटी, लण्डन बरो अफ हन्स्लो र नेपाली संघसंस्थाहरूको तर्फबाट गेसो रहेको आयोजक कमिटी बनेको थियो।